संघीय संसद

# राष्ट्रिय सभा

चौथो अधिवेशन

## बैठक – १६

२०७६ असार ३ गते सोमबार

दिनको १:०० बजे

## दैनिक कार्यसूची

### समितिको प्रतिवेदन

१. माननीय सभापति दिल कुमारी रावल थापा (पार्वती) ले राष्ट्रिय सरोकार तथा समन्वय समितिको "दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल निजगढ बाराको स्थलगत अनुगमन सम्बन्धी प्रतिवेदन" सभा समक्ष पेश गर्नुहुने ।

### व्यवस्थापन कार्य

२. माननीय भौतिक पूर्वाधार तथा यातायात मन्त्री रघुवीर महासेठले "नेपाल इन्जिनियरिङ परिषद् (पहिलो संशोधन) विधेयक, २०७६" लाई सभा समक्ष पेश गर्नु हुने ।

### शोक प्रस्ताव

३. सम्माननीय अध्यक्षले निम्न लिखित शोक प्रस्ताव प्रस्तुत गर्नुहुने :-

"वि.स. २०७० सालको संविधानसभा सदस्य धनिराम पौडेलको ५३ बर्षको उमेरमा मिति २०७६ साल जेठ ३१ गते शुक्रबार बिहान चितवन जिल्लाको माडीमा हृदयघातका कारण असामयिक निधन भएकोमा राष्ट्रिय सभाको यो बैठक गहिरो शोक प्रकट गर्दछ ।

नेपाल कम्युनिष्ट पार्टी (ने क पा) को केन्द्रिय सदस्य स्व. पौडेल नेपाल सरकारको पूर्व शिक्षा मन्त्री, लोकतान्त्रिक आन्दोलनका अगुवा र सादा जीवन पद्धतिमा विश्वास राख्ने नेता हुनुहुन्थ्यो ।

यो बैठक दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै शोक-सन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछ ।"

(मनोहरप्रसाद भट्टराई)

संघीय संसदको महासचिव